राजगढ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
नयाँ, सप्तरी
२ प्रदेश, नेपाल

पत्र संख्या : ०७६/०७७

चलानी न.

मिति : २०७६/१२/०२

## राजगढ गाउँपालिकाबाट गाउँबासीमा जारी भएको अत्यन्त जरुरी सूचना।

हाल चीनमा फैलिएको नोभेल कोरोना भाइरस र सो ले नेपालमा पार्ने असरका सम्बन्धमा, नोभेल कोरोना भाइरस नयाँ प्रजातिको भाइरस हो जुन मानव जातिमा पहिलो पटक चीनको हुवान प्रान्तमा ३१ डिसेम्बर २०१९ मा पहिचान भएको हो । यो २०१९ n-Cov भाइरस पशुहरूबाट मानिसमा प्रसार भई हाल मानिसबाट मानिसमा संक्रमण फलिदै गएको पुष्टि विश्व स्वास्थ्य संगठनले गरेको छ ।

यस भाइरसले सामान्य रूघाखोकी देखि गम्भीर प्रकारको तीव्र स्वास प्रस्वास संक्रमण सम्म गराउन सक्छ। पछिल्लो जानकारी अनुसार हालसम्म विश्वभर नोभेल कोरोना भाइरसबाट ७० वटा देशहरु प्रभावित भईसकेको हुदा अति सर्तकता अपनाउनु पर्ने भएको हुदा सवैमा जानकारी गराउदछौं ।

### मुख्य लक्षणहरु

- प्रभावित देशहरुवाट आउने मानिसहरुमा दई हप्ता भित्र रुघाखोकी लागेमा,
- ज्वरों (१००.४ °F माथी) आएमा ।
- घाँटी/टाउको दुखेमा
- स्वाश प्रश्वाशमा अत्याधिक समस्या आएमा,

(तुरुन्त नजिकको स्वास्थ्य संस्था सम्पर्क गर्ने।)

### कोरोना भाइरसबाट कसरी आफु र अरुलाई बचाउने ?

- नियमित साबुन पानीले हात धुने ।
- मास्क र पंजाको प्रयोग गर्ने ।
- खोक्दा र हाछ्युं गर्दा नाक र मुख छोप्ने ।
- फ्लु जस्तो लक्षण देखिएमा डाक्टरसंग परामर्श लिने ।
- फ्लु जस्तो लक्षण देखाउने जो कोही संग टाढा रहने ।
- जंगली तथा घरपालुवा पशुपन्छीसँग असुर्क्षित समपर्कबाट टाढा रहने ।
- पशुजन्य मासु तथा अण्डा राम्रोसंग पकाएरमात्र खाने ।
- ठुला जमगठ हुने खालका सामाजिक कार्यहरु भोज, उत्सवहरुमा सके सम्म नजाने।

परमानन्द यादव

अध्यक्ष

वोधार्थ:

श्री वडा कार्यालय (सवै), राजगढ गा.पा - सार्वजनिक ठाउँहरुमा सूचना टासँ गरिदिनु हुन।

श्री सूचना प्रविधि शाखा — गाउँपालिकाको वेभसाईट तथा फेसवुक पेजमा अपलोड गरिदिनु हुन।



Scanned with CamScanner